खोजी पहिचानको

२०१७

रेडियो पहिचान
अष्ट्रेलिया

विषय सुची

हाम्रो बारे

हाम्रो टिम

पहिचान निर्माण गर्नुपर्छ

- आई पी अधिकारि

हाम्रो पहिचान बहस

- भक्त घिमिरे

Our identity – The way I see it

- ओम ढुंगेल

हामी भुटानी नै हौं

- गोपाल घिमिरे

हामी भुटानी हौं तर नेपाली

- इच्छा पौडेल

हाम्रो बारे

रेडियो पहिचहान दक्षिण अष्ट्रेलियामा बस्ने युवाहरुको पहलमा २०१२ मा सुरु भएको सामुदायिक रेडियो हो। नयाँ मुलुकमा आएपछि असमञ्जसमा परेका युवाहरुको सहयोगी बन्ने मुख्य धेयका साथ सुरु गरिएको यो अभियानलाई हामीले 'युवा संसार' नाम दिएका थियौं। नयाँ मुलुकमा आईपर्ने समस्या, सहयोग लिने ठाउँहरु, यहाँको संस्कार, चाल चलन र विविधता बारे हामीले युवा साथीहारुलाई प्रशस्त जानकारी दिने प्रयत्न गर्‍यौं।

युवा साथीहरु नयाँ परिवेशमा घुलमिल हुदै गर्दा हामीले हाम्रो अभियानलाई नयाँ गोरेटोमा डोर्‍याउन खोज्यौ। हुन त हामीले सुरु गरेको युवा-शिक्षा अभियान छाडेका पक्कै हैनौं। हामीले लिन खोजेको नयाँ पाईला पनि युवाहरु प्रति नै समर्पित छ। हिजो हामी आफूलाई भुटानी भन्थ्यौं। पुनर्वास पछिको हाम्रो पहिचान बदलिन थालेको हामी देखेका छौ, त्यसका संकेतहरु देखा पर्दैछन्।

हिजो नेपालमा जन्मेका र पुनर्वासपछि जन्मेकाले आफूलाई कहाँको भन्ने – निकै ठूलो र जटिल प्रश्नको उत्तर हामीले यी युवाहरुका लागि तयार पारिदिनु पर्नेछ। भोलीका पीडिले आफ्नो पहिचान खोज्ने क्रममा हामीलाई धिक्कार्न नपरोस। धेरै नसकौला तर थोरै भए पनि आफ्नो पहिचान खोज्ने बाटो सम्म बनाउन सक्नु पर्छ हामीले। यसी विशेष परिस्थितिलाई ध्यानमा राखेर हामीले 'युवा संसार' लाई 'रेडियो पहिचान' बनायौं।

अबका दिनमा रेडियो पहिचान हाम्रो पहिचानको खोजी र स्थापित गर्ने अभियानमा दत्त चित्त भएर लाग्ने छ।

यसै अभियान अन्तर्गत हामीले रेडियो सञ्चालन गरेको पाचौं वार्षिकोत्सवको अवसर पारेर हामी पहिचानका विषयमा चासो राख्ने सानो समूहमा 'हाम्रो पहिचान' बारे बहस सुरु गर्‍यौं। त्यही बहसमा व्यक्त भएका विचारहरुलाई हामीले लेखनका रुपमा प्रस्तुत गर्न वक्ताहरुलाई निवेदन गरेका थियौं। हामीलाई प्राप्त भएका विचारलाई यहाँ संकलित गरिएको छ।

यो संकलनको उद्धेश्य 'हाम्रो पहिचान'को बहसलाई अभिलेखमा राख्न र यस विषयमा चासो राख्ने अरु धेरै साथीहरु माझ पुर्‍याउनु हो। हामीले बार्षिकोत्सव बहसमा धेरैलाई सहभागी गराउन संभव भएन। यही जर्नल मार्फत हामी यहाँहरु सबैलाई यो बहसमा सहभागी हुन निम्ता गर्दैछौं।

हाम्रो टिम

Bikash

Ganga

Indra

Lok

Priyanka

Sumi

पहिचान निर्माण गर्नु पर्छ

आई पी अधिकारी, अष्ट्रेलिया

परिचय र पहिचान कतिपय सन्दर्भमा समानान्तर अर्थमा प्रयोग भए पनि यी शब्दले दिने भावार्थमा किमार्थ समानता छैन । परिचय व्यक्तिवादको द्योतक हो भने पहिचान समूहगत । 'त को होस?' भन्ने प्रश्नको उत्तर सिर्फ नाम र थर मात्र नहुन सक्छ । यो प्रश्न परिचय र पहिचान खोज्ने सन्दर्भमा उत्तिकै सठीक छ ।

हामी धेरै आफूलाई भुटानी ठान्छौ, ल्होत्साम्पा ठान्छौं, कति भुटानका-नेपाली, अनि कोही नेपाली-भाषी भुटानी । पहिचान तयार गर्न सहज विषय हैन, कुनै सरल फर्मुलाहरु छैनन यसका न त यसमा कुनै निर्दिष्ट योजनाले काम गर्छ । समाजको आवश्यकता, राजनैतिक सांस्कृतिक आर्थिक परिवेश अनि भौगोलिक अवस्थितिले व्यक्तिगत र समूहगत पहिचान निर्माण हुन्छ ।

परिचय स्थिर हुन्छ, निश्चित हुन्छ । तर पहिचान सधै स्थिर हुन्न । यो चलायमान हुन्छ । यो परिवर्तनशील हुन्छ । यो निरन्तर बदलिरहने प्रकृया हो । पहिचान समय सान्दर्भिक र परिवेश सुहाउदो हुनु पर्छ ।

हाम्रो ऐतिहासिक पक्ष

हामीमा रहेको नेपालीपन हामीले बनाएको हैन । यो शाह वंशीय राजाहरुले आफ्नो शक्ति विस्तार गर्ने क्रममा निर्माण गरेको परिचय हो । हुन त ती शाहहरु र तिनका अनुयायीहरु नेपाल निर्माण अघि आफूलाई गोर्खाली ठान्थे । 'गोरख' भक्त भारतीय राजपरिवारहरु लाखा पाखा लाग्दा पहाड पसेर आफ्नै शक्ति विस्तार गरी आफूलाई गोर्खाली बनाएका हुन् । गोरखाको पहिचान धेरै समय रहेन, शक्ति विस्तार पछि नयाँ पहिचान स्थापित गरे । त्यसअर्थमा 'नेपाली' राजनीतिक परिवर्तनले जुराएको नयाँ पहिचान हो ।

हामी भुटान गएकाहरु नेपाल निर्माण हुनु अघि र पछिका दुबै छौं । १६२४ मा भुटान जाने क्रम सुरु मात्र भएको हो, त्यस यता पनि थुप्रै गोर्खाली र नेपालीहरु पुर्वी हिमालय छिरेको ईतिहास हामीले नकार्न मिल्दैन । हामी धेरै भुटान निर्माण हुनु अघि पुगेका पनि छौं । नेपाल र भुटान निर्माण नहुदै हामी हिमालय क्षेत्रका धेरै ठाउँ घुम्यौं । हामी त्यसबेला न नेपाली थियौं, न भुटानी । ईतिहास कोट्याउँदा पनि हामीले त्यसबेला बनाएको पहिचानको कुनै खास तथ्य फेला पार्दैनौं । यसैलाई आधार मानेर हुनसक्छ सायद हामी केही आफूलाई गोर्खाली भन्ठान्छौं ।

भुटान अस्तित्वमा आएको भर्खर शताब्दी पुग्दैछ । हामीमध्ये केही भुटान बन्नुअघि त्यहाको रैथाने बनेका हौं । हामी त्यसबेला न भुटानी थियौ, न नेपाली । कालान्तरमा हामी भुटानी भयौ । हाम्रो बोलीचालीको भाषा नेपाली बन्यो । नेपालको निर्माण पछि हाम्रो जातीय पहिचान नेपाली बन्यो । नेपालसितको हाम्रो सम्बन्ध संस्कृति, भेष र भाषा सित जोडियो । हामी नेपाली बोल्ने भुटानी बन्यौ । नेपालका नेपालीभन्दा आफू भिन्न

हु भन्ने देखाउन भारतका नेपालीले आफूलाई गोरखा भन्न थाले। यसकै सिको गर्दै भुटानका शासकहरुले हाम्रो नयाँ परिचय थपिदिए – लोत्साम्पा। हामीले हाम्रो पहिचान आफै निर्क्योल गर्न सकेनौ र अर्कैले दिएको पगरीमा हामी रमायौं।

लोत्साम्पा बन्दा बन्दै पनि हामी फेरी नेपाली भनियौं र देश निकालामा पऱ्यौं। त्यसयता हाम्रो पहिचानलाई दर्शाउन धेरै शब्दावलीहरु निर्माण भएका छन्। हामी त्यो मोडमा पुग्यौ जहाँ हामीको सट्टा म ले प्राथमिकता पाउनु पर्थ्यो। हामीलाई पहिचान रक्षाको हैन जीवन रक्षाको आवश्यकता थियो।

पुनर्वासपछि फेरी हाम्रो पहिचान फेरिदैछ। हामी बहुल संस्कृति र बहुल भाषाको त्यो महासागरमा डुबेका छौ जहाँ हाम्रो अस्तित्वको आवाज दुरदराजमा कसैले सुन्दैन अनि हाम्रो अस्तित्वको प्रयास कसैले देख्दैन। हामीले यो बहुसंस्कृतिमा घुलमिल हुन सिक्दै गर्दा हुर्कने नयाँ पीडिले आफ्नो पहिचान कसरी हाम्रो सोच र विचार अनुसार बनाउलान र? हाम्रो विचार अनुसारको भविष्य सरल छैन, सहज छैन।

पहिचानको निर्माण

भुगोल, संस्कृति, भाषा र भेष – पहिचानका महत्वपूर्ण मेरुदण्ड हुन्। त्यसमा राजनीति र सामाजिक नियमहरुले सहयोगीको भुमिका खेल्छन्। यी मध्ये पनि सबै भन्दा ठूलो भुमिका संस्कृतिको रहन्छ। कतिपय विद्वानहरुले भाषा र संस्कृतिको भुमिकालाई समान रुपमा लिएका छन भने कतिले भाषालाई महत्व दिएका छन्। तर एकै भाषा भएका कैयन समाजले भिन्न पहिचान बोकेको उदाहरण प्रशस्तै छन्। अंग्रेजी भाषा बोल्नेहरुको संस्कृतिका आधारमा देखिएको विविध पहिचान सबै भन्दा सजिलो उदाहरण बन्न सक्छ।

नेपाली समाजशास्त्री ऋषिकेशव रेग्मीको भनाईमा उस्तै वंशज, समाज सुहाउदो सांस्कृतिक र शारिरीक विशेषताहरु अनि समान खाले मनोवृत्ति र व्यावहार भएमा भिन्न पहिचाह बोक्ने समूह बन्न सक्छ। तर उनले यो समूहमा विविध जाति पनि अटाउन सकिने बताएका छन्।[1] हाम्रो सन्दर्भमा यस व्याख्यालाई दाजेर हेर्ने हो भने हामी 'नेपाली' पहिचान मै पुगेर ठोक्किन्छौं। तर त्यही शब्दले मात्र हाम्रो पहिचान अपुग हुन्छ भन्नेहरुको आवाज हामी माझ बुलन्द हुदैछ।

दक्षिण एशियाको समाज सायद सबैभन्दा धेरै भाषा बोल्ने समाज मध्येको एक हो। तर पनि यहाँको संस्कृति अधिकतमरुपमा समान देखिन्छ। यस भित्र राजनीति, भाषा र भूगोलको प्रभावले यो ठूलो समाजलाई स-साना समाजमा विभक्त गरेको छ। राजनीतिले भुटान, भारत, बंगलादेश, नेपाल, पाकिस्तान जस्ता पहिचान निर्माण भए पनि भाषा र भेषले त्यसभित्र अरु पहिचानहरु बनेका छन्। तर करिब एकै प्रकारको संस्कृति रहेको यो बृहत समाजको पौराणिक पहिचान 'भारतवर्ष' थियो भने आज 'भारतीय उपमहाद्वीप' (Indian sub-continent) का नामले चिनिन्छ। यो संस्कृतिले निर्माण गरेको पहिचान हो।

---

[1] Rishikeshav Regmi, Ethnicity and Identity, Occasional papers, Central Department of Sociology and Anthropology, Tribhuvan University ed Gurung, O, Uprety, L P and Pandey, T R. Vol 11.

पश्चिमाहरु यो उपहमाद्वीपमा बस्ने सबै बारतीय हुन् भन्ने आखाबाट हेर्छन् । भारतमा अंग्रेज शासन सुरु भएपछि पश्चिममा भारतीय परिचय विस्तार भयो । केही हदसम्म शारीरिक बनावट समान भएका कारण यो उपमहाद्वीपमा बस्ने हामी कैयौं पश्चिमाहरुको नजरमा भारतीय नै ठहर्छौं । पुनर्वासपछि हामी अधिकांश 'भारतीय'हरु को रुपमा देखियौं । परिचितले मात्र हामीलाई भुटानबाट आएका भन्ने गर्छन् । पहिचान निर्माण गर्ने क्रममा हामीले यो 'भारतीय' जस्तो देखिने हाम्रो स्वभाव र समानतालाई बदल्न जरुरी छ । पहिचान शारिरिक बनावट बाट हैन भाषा र संस्कृतिले निर्क्योल गर्छ भन्ने प्रमाणित गर्नुछ हामीले ।

पहिचान स्थापित गर्ने सवालमा कतिपय परिवेशमा राजनीतिले बढी प्रशय पाएको उदाहरणहरु पनि छन् । बढी राजनीतिक उथल पुथल भएका देशमा राजनीतिले पहिचान निर्माणमा बढी भूमिका खेलेको देखिन्छ । उदाहरणका लागि पूव सोभियत संघ आबद्ध देशहरुलाई लिन सकिन्छ । दुई दशक अघि सम्म आफूलाई सोभियतको भनेर चिनाउनेहरुको आज पहिचान अर्कै बनेको छ । युगोस्लाभहरु आज भिन्न भिन्न परिचय लिएर बाचेका छन् ।

भुटानको आफ्नै इतिहास हेर्‍यौ भने पनि संस्कृतिले पहिचान निर्माणमा कति भूमिका खेल्यो भनेर देख्न सक्छौं । हामी स्वीकार गरौ या नगरौं तर भुटानको आजको पहिचान भनेको बख्खु लाउने जाति, बुद्ध धर्म मान्ने, लामाहरुको बाहुल्य, सांस्कृतिक र भाषिक रुपमा तिब्बतसित नजिक अनि गुम्बा र ल्हाखाङहरु भएको देश हो । 'नेपाली' भनेर चिनिने पहिचानको स्थान भुटानमा कहाँ छ र । नेपाली भाषा लेख्न जान्ने व्यक्ति छैन देशमा, नेपाली पठन-पाठन हुने स्थान छैन । नेपाली भाषा विकासको अभियानसित जोडिएको व्यक्ति भेटिन्न त्यहाँ । नेपालीपन झल्कने ठाउँका नाम परिवर्तन भैसके । सांस्कृतिक कार्यक्रममा केही भारतीय संस्कृतिको धोती लाउनेबाहेक सबै बख्खु लाउनेहरु मात्रै हुन्छन् । हाम्रो संस्कृतिका भेष-भूषा मासिएको छ । भाषा र संस्कृति मासिएको ठाउँमा पहिचान कसरी बाँचिरहन सक्छ र ।

जोंखा भाषा विकास भएको करिब पाँच दशक मात्र हुदैछ । त्यो भन्दा अघि पनि भुटानको पहिचान, आज जो छ त्यस्तै थियो । राजनीतिक रुपमा भारतको नजिक भए पनि संस्कृतिले त्यहाँको पहिचानलाई अविच्छिन्न बनाएको छ । भारत भन्दा भिन्न देश बनाएको छ । देशको कानुनले पनि भुटानको पहिचान निर्माणमा भूमिका खेलेको छ । भुटानको 'बहुलवाद (भाषा र संस्कृतिको) भौगोलिक रुपमा ठूला मुलुकमा मात्र सम्भव छ' भन्ने सिद्धान्तले पनि भुटानको एकल पहिचान निर्माणमा मद्दत पुगेको हो ।

नेपाली, गोर्खाली वा अन्य केही

हामी सबै जसो आफ्नो पहिचान देखाउने क्रममा 'नेपाली पन'को एउटा छनक पक्का दिन्छौं । आज व्यावहारिक रुपमा पनि हाम्रो सम्बन्ध भुटान भन्दा नेपाल सित प्रगाढ बन्दैछ । पुनर्वासपछिको हाम्रो ससुराली गाउँ बन्दै छ नेपाल । पर्यटनका लागि होस वा आफन्त भेट्न, तीर्थयात्रा वा वैवाहिक जीवन सुरु गर्न, आजको हाम्रो प्रमुख गन्तब्य भनेको नेपाल नै बनिरहेको छ । उत्तर पुर्वी भारत र भुटानमा पनि हाम्रो संस्कृति जस्तै मान्ने र भाषा बोल्ने मानिसहरु प्रशस्त छन तर हामीले नेपालमा न्यानोपन भेटेका छौं, मीठो सत्कार पाएका छौं । यसले पनि हामी आफ्नो पहिचानसित त्यो 'नेपाली' पनको गन्ध हट्न दिइरहेका छैनौं, भविष्यमा पनि

यो सम्बन्ध टुट्ने सम्भावना कम छ। हामी आफूलाई भुटानी भनेर पनि भुटान सितको सम्बन्ध विस्तारमा राजनीतिक आन्दोलन बाहेक अरु कुनै प्रयास गरिरहेका छैनौं। हामी भुटानी बोलीमा र कागजमा सिमित गर्दैछौं। के यसले हामीलाई 'भुटानी' भन्ने पहिचानलाई निरन्तरता दिन सहयोग गर्छ?

यद्यपी पुनर्वासित देशमा हामी आफूलाई 'भुटानी' भनेर नेपाली भन्दा फरक पहिचान दिने प्रयासमा छौं। हामी भुटानमा जन्मेका कारण भुटानी हौं, भुटानी शरणार्थी भएर पुनर्वासित भएका हौ भन्नेहरुको तर्कमा पनि केही दम पक्कै छ। यस तर्कले बोकेको आशय – जन्मका आधारमा पहिचान – सर्वथा लागु नहुन सक्छ। जन्मेको ठाउँलाई पहिचानको आधार मान्ने हो भने हामी पुनर्वासित बने पछि जन्मेको हाम्रा नयाँ पुस्ता, नेपालमा जन्मेको पुस्ता अनि भुटानमै जन्मेको पुस्ताको पहिचान फरक हुने भयो। हामी एउटै पहिचान बोकेको समाज रहेनौं। हाम्रो परिवार नै ती पहिचान बोकेको बन्ने भयो।

'नेपाली' शब्दले दुईवटा अर्थ बोकेको हुनुपर्छ मेरो विचारमा। एक – 'नेपाली' भाषा बोल्ने, र दुई – नेपालका नागरिक। अन्तराष्ट्रिय प्रयोगमा केही भिन्नता थियो – नेप्लिज र नेपाली। नेपालको नागरिकलाई नेप्लिज र नेपाली भाषा बोल्नेलाई नेपाली भनेर खुट्याउन सहज थियो। नेपालमा पछिल्लो समय अंग्रेजीमा पनि नेपालका नागरिकलाई नेपाली (Nepali) लेख्ने प्रचलन बढ्न थाले पछि आफूलाई गोर्खा भन्ने बाहेक नेपालका अनागरिक तर त्यही भाषा बोल्नेले आफ्नो पहिचानमा अप्ठ्यारोपन देख्न थालेका छन्।

हामी केही बाहेक धेरैलाई आफू गोर्खाली हु भन्न रुचाउँदैनौं। भक्त घिमिरेको तर्कमा म के सहमत छु भने हामी धेरै नेपाली र गोर्खाली पर्यायवाचीका रुपमा लिन्छौ जुन सही हैन। गोर्खा वा गोर्खाली र नेपाली एउटा अर्थ लाग्ने शब्दावली हैनन्। राजेस्थानबाट राजपुतहरु मेरठको बाटो हुँदै कुमाऊँ-गढवालतिर छिरेका थिए जसमध्ये केहीमात्र गोर्खा (गोरक्षक) थिए। तिनै गोरखा बने। तिनै राजपुतका सन्तती पृथ्वीनारायण शाहाले राज्य एकीकरण गर्दै काठमाडौ खाल्टोलाई हत्याएपछि मात्र नेपाल देश बनेको हो र नेपालीहरु निर्मित भएका हुन्।

निष्कर्ष

हाम्रो ईतिहास धेरै बरालिएको छ। हामीले भुगोल धेरै पटक परिवर्तन गर्‍यौं तर संस्कृतिलाई निरन्तरता दियौं। त्यसहिसाबले हाम्रो पहिचान निर्माणको आधार संस्कृति नै हुनुपर्छ। यो केही दिन वा केही वर्षमा तयार हुने विषय हैन। यसमा दशकौं सम्मा निरन्तर प्रयासहरु भैरहनु पर्छ। यसै उद्देश्यलाई केन्द्रविन्दुमा राखेर बृहत्तर स्तरमा बहस, छलफल र तिनबाट निस्केका निचोडलाई आत्मासात गर्ने प्रयत्नहरु हुनुपर्छ।

हाम्रो पहिचान बहस

भक्त घिमिरे, संयुक्त राज्य अमेरिका

पहिचान पहिचान भनेर हामी बारम्बार विभिन्न शब्दावलीहरु छानिरहेका छौं । हामी आफैंलाई कतिजना गोर्खाली भन्दैछौं र कतिजना नेपाली । अनि धेरैले आफूलाई राष्ट्रिय पहिचानको आधारमा भूटानी भनिरहेका छौं । यस सन्दर्भमा पहिचानको सवाललाई लिएर केही चर्चा उठाउन मन लाग्यो ।

आठौं शताब्दितिर नागा साधु गोरखनाथ वा गोरक्षनाथले आफ्नो शिष्य बप्पा रावल, (राजकुमार शैलधीश वा कालभोज लाई ("गोरक्षक" उपमा दिएर गौहत्या गर्ने मुसलमानहरुविरुद्ध युद्ध गर्न पठाएका थिए ।[2]

युद्ध गर्दै गोरक्षक तत्कालीन महाभारत पात्र शकुनीको) ले उत्तरमा गान्धार (पछि अपभ्रंश गोरखा वा गोर्खा) सम्म जितेर आफ्नो वीरता देखाएका थिए ।[3] (राज्य र वर्तमान अफ्गानिस्तानको कान्धार शहर तिनै गोरक्षक वा गोर्खाले मेवार भन्ने स्थानमा आफ्नो राजपुतना नामक राज्य स्थापना पनि गरेका (वर्तमान राजेस्थान) थिए ।

होतिनै राजस्थानी राजखलक ,का सन्तानको उत्तराधिकारी दाबी गर्दै राजस्थानबाट पूर्वतिर लागेका केहीले पछि आफूलाई गोर्खाली र आफू बस्ने ठाउँलाई गोर्खा भन्न थालेको इतिहासले देखाउँछ । नयाँ नयाँ राज्यविस्तार गर्ने क्रममा गोर्खाहरुले लम्जुङ, कास्की जस्ता राज्यहरुसित धेरै युद्ध गरे जतिबेला उनीहरुले दिल्लीका सुलतानहरुको सहायता लिएका थिए । आफूबाट सामरिक सहायता लिनेहरुले गोर्खा गोर्खा भनेर धेरै हिन्दूवादी बनेको कुरा दिल्लीका तत्कालीन सुलतान शासकहरुलाई मन परिरहेको थिएन । यही सहायता लेन देनको क्रममा सुलतानहरुद्वारा दिइएको-"शाह" पदवी समेत गोर्खाका राजाले लिए र एउटा शाहवंशीय राजखलक नै निर्माण भयो ।

शाह शब्द वास्तवमा पहिले परसिया र पछि इरानमा प्रयोगमा आएको थियो जसको अर्थ हुन्छ सन्त वा वीर पुरुष । सोह्रौं शताब्दिमा परसियामा राजा शाह अब्बासको सम्झनामा परसियालीहरुले यो शब्दको उपयोग गर्नथालेका थिए । सन् १५७१ को जनवरी २७ का दिन वर्तमान अफ्गानिस्तानको हेरात प्रान्तमा जन्मिएका शफवीद वंशका उत्तराधिकारी थिए शाह अब्बास । उनले आफ्नो जीवनकालमा धेरै वीरता र पौरख देखाएका थिए जुन इतिहासले अंकित गरेर राखेको छ । सन् १६२९ को जनवरी १९ का दिन उनको मृत्यु भयो र वर्तमान इरानको खसान भन्ने स्थानमा उनको अन्त्येष्टि गरियो । त्यसपछि उनले जस्तै वीरता र पौरख प्रदर्शन गर्ने मानिसहरुलाई प्रशंसा गर्दै "शाह अब्बास" भन्न थालियो । परसियाली (बोलीचालीमा फारसी)

---

[2] *मेवाड राजवंशका संक्षिप्त इतिहासलेखक आर्यमनु-(हिन्दी) चित्तौढका इतिहासः और महाराणा कुम्भा ,*

[3] *राजस्थाः एक परिचय -कैलाशकुमार मिश्र .लेखक डा (हिन्दी)-*

भाषाको यो शब्दावली पछि अरबी, उर्दू, हिन्दी हुँदै नेपालीमा समेत प्रवेश गर्यो र अहिले यो “स्याब्बास” मा परिणत भएको छ। तपाईं हामीले पनि सुनेका छौं, बुढापाकाले पुरस्कारस्वरूप दिने गरेको यो शब्द प्रशंसाको संकेतमा व्यक्त गरिन्छ।

हाम्रो चर्चाको प्रसंग थियो गोर्खा शब्दको, शाह शब्द अपभ्रंश हुँदै यसरी आएजस्तै गोर्खा शब्द पनि लामो यात्रामा हिँडेर थकित भएको छ। यसैलाई बोकेर हामी हिँड्ने कि हाम्रो पहिचान हामी आफैं निर्माण गर्ने भन्ने सवाल छ यहाँ पहिचान त चाहिन्छ तर !, निर्माण गर्नुपर्छ नयाँ। हामीले, हाम्रो पुस्ताले साँच्चै जाँगर चलाएमा हाम्रो पहिचान खडा गर्न सकिन्छ। शरणार्थी वा देशनिकालामा परेका भनेर मन खुम्च्याउनु पर्दैन। विश्वमा... कार्ल ,देशनिकालामा परेकैहरुले धेरै अजेय उपलब्धिहरु हासिल गरेका छन् । अल्बर्ट आइन्स्टाइन रु पनि शरणार्थी नै थिए। उनीहरुले पनि इतिहासमा अंकित हुने काम गरेका छन्। यहुदीहरुले देशनिकालामा परेको२०० वर्षपछि नयाँ देश स्थापना गरेका छन्। हिब्रू भाषाले पुरै विलाएर करिब ५०० वर्षपछि फेरि आफ्नो स्थापत्य कायम गरेको छ । तर हाम्रो सरोकारमा भने कुरो सचेतना, सहकार्य, लगन र दूरदृष्टिमा भरपर्छ।

यो बहसको विषयमा घोत्लिने सिलसिलामा सबैभन्दा पहिले म समाजका सबै पक्ष,पाठक , स्रोता ,दर्शक , अनुसन्धानकर्ता तथा लेखकहरुलाई आफ्नो समाजको सांगोपांगो पृष्ठभूमि र विश्वका विभिन्न ,अध्येयता राजनीतिक शृंखलाहरुबारे राम्रो ज्ञान लिन आग्रह गर्दछु। यहाँ समाजको पृष्ठभूमि र राजनीतिक विषयको चर्चा किन भने यिनै विषयले मान्छेको व्यक्ति परिचय रसामाजिक पहिचान तोकिएको हुन्छ।

तत्कालीन राजनीतिक परिपाटी अनुसार नै देशको कानून बनेको हुन्छ र सो कानूनको व्याख्या अनुसार नै व्यक्तिको सामाजिक वा राष्ट्रिय पहिचान तयार हुने गर्दछ।

हाम्रो सामाजिक परिबन्दले हामीलाई एउटा देशको मात्र नभएर विभिन्न क्षेत्रीय राजनीतिक परिवेशहरु पार गर्दै आजको अवस्थामा ल्याएर थुपारिदिएको छ। हामी भूटानमा जन्मिएर आएको पुस्तामात्र हैन नेपालमा , जन्मिएको पुस्ता र पुनर्वाशपछि जन्मिएको पुस्ताबीचको पार्थक्य केलाउनलाई सम्बन्धित देशका कानून र परिपूरक विधि नियमहरुको अध्ययन पनि बराबर जरुरी हुन्छ । मेरो बुझाइमा यी तीन पुस्तामध्ये- किनकि नेपालमा जन्मिएकाहरुलाई... पुनर्वाशपछि जन्मिएकाबाहेक दुई पुस्ताको कुनै भिन्नता छैन नेपालको तत्कालीन कानूनले कहिल्यै पनि नेपालीको रूपमास्वीकृति दिएको थिएन। कुरा आउन सक्छ भूटानबाट आएकाहरुलाई पनि भूटान सरकारले ‘अनागरिक’ भनेको छ। तर नागरिक बनेर अनेकौं पिढी , को अन्तर्राष्ट्रिय ’भूटानी शरणार्थी‘ बिताएपछि खास राजनीतिक प्रयोजनमा अनागरिक भनिनु र नेपालमा पहिचानमा जन्मिएर नेपाली नबन्नुबीच धेरै अर्थ राख्ने भिन्नता छन्। त्यसर्थ नेपालमा जन्मिएकै कारण हामी नेपाली भन्ने प्रसंग सान्दर्भिक हुनै सक्तैन।

अब आयो अर्को कुरा नेपाली संस्कृति मान्छौं भनेर हामी नेपाली भन्ने हो भने ,हामी नेपाली भाषा बोल्छौं , हिन्दी बोलेर भारतीय संस्कृति मान्नेहरु सबै भारतीय हुन्छन्। अंग्रेजी भाषा बोलेर पश्चिमेली संस्कृति मान्नेहरु सबै बेलाइते नेपाली भाषा र संस्कृतिकै कारण हामी ,हुन्छन्। कुरो त्यतिमात्र हैन (इङ्ल्याण्डका)

नेपाली भएको बुझाइ राख्ने हो भने भूटान देशको राष्ट्रिय अस्तित्व जनसंख्याविहीन हुनेछ । किनभने जोङ्खा बोल्ने र भोटिया संस्कृति मान्नेहरुको मूल तिब्बत हो । जोङ्खा अर्थात् जोङ मन्दिर वा सरकारी) बोलिने भाषा जोङ्खाको उत्पति तिब्बतको छ्योके भाषाबाट मौलाएको हो । त्यसर्थ हामी नेपाली (कार्यालय त्यसैकारण भूटानको तत्कालीन निरंकुश सरकारले हामीलाई देशबाट हटाएको हो भन ;थियौंर बुझ्ने मूर्खता गर्नु भनेको त्यहाँ रहेका हाम्रा लाखौं परिवारहरुलाई फेरि पनि लखेट्न सिफारिश गर्नु हो । हामीलाई भूटानकै कानून र नियमहरुले भूटानी राष्ट्रिय पहिचान दिएको हो । हामीलाई हामी आफैंले बाहेक अरु कसैले नेपाली वा विदेशी भनेको थिएन । गाली गर्दा पनि कहिल्यै नेपाली भनिएन बरु भनिन्थ्यो । ज्यागा "ज्यागा" अथवा 'भारतीय मूलको' भनेको जोङ्खा शब्दावलीमा'मदिशे' अर्थ लाग्छ । भूटानको मधेश भागमा (मधेशी) बस्ने हामी साँच्चै मधेशी थियौं ।

अझ अर्को कुरा पनि गरिहालौं । कुनै पनि देशमा एउटा मूलएउटा भाषा र एउटामात्र सं ,स्कृतिका मान्छेहरुको उपस्थिति हुँदैन । त्यसकारण सबैको एकल राष्ट्रिय पहिचान हुन्छ र भाषिक सांस्कृतिक पहिचानमात्र- सबैको ,नेपालमा जन्मिएर आएका हुन् वा पुनर्वाशपछि जन्मिएका ,बहुलवादी हुन्छ । भूटानबाट आएका हुन् राष्ट्रिय पहिचान ताजा परिस्थितिमा जुन जुन देशमा हुनुहुन्छ त्यही देशको संविधानले तोकेको (छौं) दायराभित्र व्याख्या हुनेछ । पहिचानको कुरा उठ्नेबित्तिकै सबै बेलिविस्तार एकै ठाउँ अँटाएर उच्चारण प्राथमिक पहिचानको कुरा सकेपछि त्यसको पृष्ठभूमि विस्तार गर्ने ,गर्नुपर्छ भन्ने नियम कतै पनि हुँदैन । तर ,सन्दर्भ आउँछ त्यतिबेला हामी नेपाली भाषा संस्कृति अँगालेका अमुक देशका नागरिक हुन पुग्दछौं । ,

शब्दावलीभित्रै पनि एकरूपता र साझा सहमति छैन । यसलाई गोर्खा वा गोर्खाली भन्नेहरुको "नेपाली" कहाँबाट शुरु भयो भन्ने कुरा ,भनेको के हो "गोर्खाली" अथवा "गोर्खा" जमात पनि ठूलै छ ।को सन्दर्भ माथि नै उठाइएको छ । तर यहाँ भन्नैपर्ने कुरो के भने गोर्खा वा गोर्खाली र नेपाली एउटा अर्थ लाग्ने शब्दावली , हैनन् । शब्दकोशहरुले पर्यायवाची शब्द बनाएर परिभाषित गरेका छन् तापनि तिनका अर्थभावहरु एकै छैनन् । राजेस्थानबाट राजपुतहरु मेरठको बाटो हुँदै कुमाऊँ गढवालतिर छिरेका थिए जसमध्ये केहीमात्र गोर्खा- धेरै पछि तिनीहरुले वर्तमान नेपालको गोर्खा जिल्लातिर स्थापित भएर गोर्खा ;थिए । पछि (गोरक्षक) राज्यस्थापना गरेका हुन् । पृथ्वीनारायण शाहाले राज्य एकीकरण गर्दै काठमाडौ खाल्टोलाई हत्याएपछि मात्र नेपाल देश बनेको हो र नेपाल वा नेपालीहरु निर्मित भएका हुन् । नत्र त्यसबेलासम्म भन्ने 'नेपा' त्यो पनि नेवारी भाषामा । यस अर्थमा नेपाल भनेको काठमाडौं मात्र थियो र ;शब्दमात्र अस्तित्वमा थियो नेपाली भनेका केही नेवार परिवारहरु मात्र थिए ।

त्यसकारण हामीले भाषाबाहेक व्यक्ति र सामाजिक पहिचानको प्राथमिक तहमै नेपाली वा गोर्खाली जोड्नुपर्छ भन्ने रडाको नगरेको राम्रो होला । नेपाली संस्कृति भनेको वास्तवमा के हो कुनै पनि संस्कृति प्राचीन ? के कुरालाई चाहिं-इतिहास र धार्मिक विश्वासका परम्पराहरुमा गएर अडिएका हुन्छन् । त्यसो हुँदा के नेपाली संस्कृति नै हो भनेर किटान गर्ने भन्ने अर्को धर्मसंकट हामी सामु छ । बाबु बाजेले मानेर ल्याएका" ,"थिएभनेर मात्र अब तिनको सान्दर्भिकता र जायजीकरण गर्न सम्भव छैन । तिनको अनुसन्धान हुनुपर्छ । बाजेले भस्मे फाँडेर ढाँडगारीको बारीमा ढुंगा पन्साउनलाई डिलमा पर्खाल ठड्याएका थिए । बाबुले त्यही पुर्ख्यौली सम्पत्तिमा जीवन बिताए । आज छोरा नातिले ढुंगै नभएको शहरिया प्लटिङको जमीन किनेर पनि-

? बाजेको बिँडो थाम्न खोलाबाट ढुंगा खोजी खोजी पर्खाल लाउने काम गर्नु मूर्खताबाहेक के हुनसक्छ-बाबु त्यसर्थ सामाजिक पहिचानको कुरा गर्द ा इतिहासलाई न्याय दिँदै हरेक सन्दर्भहरुको मूल्यांकन र अनुसन्धान गर्नु जरुरी छ। शब्दका भिन्नताहरुको मर्म केलाउन जरुरी छ। बक्खु लाएर 'राष्ट्र' र 'देश' सुरुवाल लाएर नेपाली बोल्दा नेपाली नै भइहाल्ने मूढ चेतना अनि-जोड्खा बोल्दा भूटानी भइहाल्ने र दौरा भूटान सरकारद्वारा हामीलाई लखेट्ने मनाशयमा बनाइएको -"एक राष्ट्र एक प्रजा"को नीतिमा के भिन्नता छ त्यो पनि गम्भीर भएर सोच्न जरुरी छ। ;

निष्कर्षमा हाम्रो पहिचान भनेको भूटानी पृष्ठभिका अमेरिकी केनेडेली आदि आदि हुनेछ। ,अष्ट्रेलियाली , छ। अझ भनौं धार्मिक विश्वासका आधारमा अरु पनि धेरै शब्दावलीहरु थपिँदै जानेछन्।

हामीलाई नेपालीभाषी भूटानी भन्नुपर्ने जिकिर धेरैतिरबाट आइरहेको छ। यस सवालमा मेरो विचार के छ भने प्राथमिक परिचयको शब्दावलीमा भाषा वा संस्कृति जोडिनु आवश्यक छैन। अथवा फलानु अमुक भाषी भन्नु जरुरी छैन। किनभने जब भाषी वा अमुक संस्कृतिवाला भन्ने शब्द जोडियो त्यहाँ अविश्वासको वातावरण पैदा हुन्छ। हामीलाई नेपाली शब्द चाहिँदैन भनेको हैन। त्यसर्थ, हाम्रो विगत राष्ट्रियता भूटानी र भाषिकसांस्कृतिक पृष्ठभूमि विषय सन्दर्भको आवश्यकता अनुसार जोड्नुपर्छ। भूटानबाट आएका-, नेपालमा जन्मिएका र पुनर्वाशपछि जन्मिएका सबैको पहिचान एउटै हो वर्तमान राष्ट्रियता। कहाँबाट आएको भन्ने -प्रश्नमा पुनर्वाशपछि जन्मिएका बाहेक सबैले एउटै उत्तर द िनुपर्छ 'भूटान'। किनभने कुनै यात्रीले बाटोमा कुन कुन देशको माटो टेकै आइयो भन्ने बेलिविस्तार आफ्नो परिचयमा लाउनु पर्दैन।

अरु केही अग्रजहरु भारतमा बस्ने नेपालीहरुले आफूलाई भारतीय नेपाली भनेर चिनाउने गरेका प्रसंग उठाएर हामी भूटानी नेपाली बन्नुपर्छ भन्नुहुन्छ। कहिल्यै पनि एक व्यक्ति वा एक समाजको पहिचानमा दुईवटा देश वा राष्ट्रियताको नाम जोडिँदैन। हुनसक्छ सम्झौताका-नेपाल र भारतबीचमा विभिन्न सन्धि ; कारण नेपालीहरु रोजगारको सिलसिलामा भारत पस्ने र त्यतै बस्ने गरेकाले आफूलाई भारतमा बस्ने नेपाली अथवा भारतीय नेप ाली सम्बोधन गरिरहेका हुनसक्छन्। तरभूटानको सन्दर्भ त्यस्तो थिएन। , यहाँ मननयोग्य कुरो के छ भने भारत र नेपालीबीच सन् १९५० मा सुगौली सन्धि भएको थियो र त्यसपछि नेपाल बरोबर रोजगार पाउने सम्झौता ,एकापसमा आइजाइ खुल्ला हुने ,भारतका जनताबीच कुनै भेद नहुने-कायम थ ियो। तर भूटानको सन्दर्भमा सन् ,१९५० पछि लग्भग कोही पनि भूटानमा आप्रवासीको रूपमा रहेको थिएन।

त्यहाँको सवालमा सामाजिक पहिचान नेपाली राष्ट्रियतासित गाँसियो भने हामी आफैंले हाम्रो इतिहास गाड्ने झन् ठूलो खाडल खनिरहेका हुनेछौं। भूटानमा हामीमाथि शासकहरुको मनमा झस्का पस्नुमा पनि यस्तै केही द्विविधापूर्ण शब्दावलीका कारणहरु थिए। हाम्रा घरका ढोकामाथि भूटानका राजाको नभएर राजा त्रिभुवन महेन्द्र र विरेन्द्रहरुका तस्वीर हुन्थे। हामी आफैंलाई नेपाली भनेर गलत परिचय दिइरहेका , हुन्थ्यौं। त्यही भएर भूटानको संसदले विभिन्न समयमा हामीलाई सम्बोधन गर्ने शब्दावलीहरु फेर्दै आएको थियो। त्यस्ता सबै वस्तुस्थितिहरूलाई मूल्यांकन गरी हामी दृढतापूर्वक एउटा राष्ट्रियतामा बाँचौं र हाम्रा

पृष्ठभूमि कथाहरुलाई तार्किकता तथा न्यायपूर्वक उपयोगमा ल्याउँ। सबै शब्दहरुलाई प्राथमिक परिचयमा मिसाएर बिस्कुन फिँजाउनुपर्छ भन्ने छैन। अरुले के के गर्छन् भनेर खोज्नु भन्दा पनि हाम्रो सामाजिक भविष्यको लागि के उपयुक्त हुन्छ भन्ने कुरा बढी खोजौं।

यसपछि केही मित्रहरुको चाहना सबैतिरका नेपाली बोल्ने मानिसहरुको कुनै न कुनै एकरूपता होस् भन्ने मैले बुझेको छु। हामी जबसम्म एक खाले भाषाको उपयोग र सिर्जना गर्छौं तबसम्म हामी एकरूपता कायम गरी नै रहेका हुनेछौं। भाषिक रूपमा हामी नेपाली भएकाले यसमाथि विवादै आउँछ भन्ने मलाई लाग्दैन। तर, सांस्कृतिक सवालमा सबैलाई एउटा सम्बोधन अबको जमानामा सही हुँदैन भन्ने मलाई लागिरहेको छ। किनभने नेपाली संस्कृतिको समूल पहिचानमा अहिले ठूल्ठूला विवादहरु उठिरहेका छन्। संस्कृति भनेको धार्मिक विश्वास र मतबाट उठेको मूल्यमान्यता हो।-

जब संस्कृतिको कुरा परिचयसित जोडिन्छ तब हामी एकरुपताबाट बहुरूपताको निर्माणतर्फ लागिरहेका हुनेछौं। त्यसकारण अमुक राष्ट्रियताका अष्ट्रेलियन-ब्रिटिश नेपालीभाषी हौं हामी। पहिले भाषा ,अमेरिकन , पहिले राष्ट्रियता अनि मात्र भाषा वा संस्कृति जोड्ने काम गरौं अबका ,संस्कृति अनि पछि राष्ट्रियता हैन दिनहरुमा। यहाँ भूटानी राष्ट्रियताभित्र नेपाली भाषालाई किन अँटाउने भन्नेप्रश्न आउन सक्छ। तर यसको , उत्तर सहज छ। किनकि हाम्रा पूर्वजहरुले आर्जेको मुलुक हो त्यो। भूटान भन्ने देशको निर्माणमा हाम्रा पसिना बगेको छ। समूल राष्ट्रियतामा हाम्रो गन्ध छ। यति कुरा बुझ्न नसकेर ढुल्मुल हुँदै-पूर्वजहरुको रगत आफ्नै विराशत नचिन्ने हाम्रोनयाँ पुस्ताले हाम्रो इतिहासको मूल खोजेर न्याय हासिल गर्न सक्तैन। माथिदेखि धेरैपटक उल्लेख गर्दै आएको छु जातीय वा सांस्कृतिक पक्षलाई मूलस्थानमा ,नेपाली भन्नै नहुने हैन तर ; आफैंप् ,राखेर नेपाली वा गोर्खाली भनिरहेमा हामी पुराना गल्तीहरु दोहोऱ्याइरहेका हुनेछौंरति अन्याय गर्दै इतिहास बिगार्ने काम गरिरहेका हुनेछौं।

उहिले पुरानो पुस्ताले भूटानलाई यो हाम्रो भूमि हो भनेर कहिल्यै स्वीकार गर्नसकेन त्यही भएर मर्दा... 'चारदाम' भनेर चिहानमा पैसो गाडिन्थ्यो। खुशी भएको बेला आफ्नो देशलाई 'फलाम' को बाकस भने अनि रिस उठेको दिन 'भोटेको चिहान' भने। पुरानो पुस्ताले ठूलै अपराध गर्यो भन्न चाहन्न। तर, उबेलाको चेतनास्तर र शैक्षिक अभावको कारण राष्ट्रियता र माटोप्रतिको प्रेम, त्याग, बलिदानको भाव पैदा भएको थिएन। अब हामीले नेपाली शब्द उच्चारण गर्दा आफूले टेकिरहेको धर्ती, हावा पानी कुन राष्ट्रियतामा कायम-छ भन्ने कुरालाई राम्रो गरी ध्यानमा राखेर गर्नुपर्छ। अबको पुस्तालाई हामीले "हाम्रो पनि धर्ती छ, हामी पनि यही धर्तीका मालिक हौं" भन्ने पाठ पढाउनुपर्छ। ताकि भोलि कुनै कठिनाइ आइलाग्नेबित्तिकै सबै भागेर फेरि नेपालमै थुप्रो लाग्नुपर्छ भन्ने चेतनाको विकास कहिल्यै पनि नहोस्। भाषा र सांस्कृतिक पक्ष गौण हो अनि राष्ट्रियता पक्ष मूल महत्वको हो भन्ने ज्ञान आजैदेखि हामीले नयाँ पुस्तालाई सिकाएनौं भने फेरि पनि ऐतिहासिक धोका हुनेछ।

यद्यपिआजको बिडम्बना के छ भने पुनर्वाश , भएका देशहरुमा हाम्रा नयाँ पुस्ताका हाइस्कूलस्तरीय भूटानी विद्यार्थीहरुले आ सूर्य-आफू आएका देशको राष्ट्रियझण्डा लिएर आऊ भनेको अवस्थामा नेपालको चन्द्र-झण्डा लगेर फहराएका पनि पाइएको छ। यो दिग्भ्रमित अवस्थाको कारण हामी आफैं हौं भनेर स्वीकार

गर्नुपर्छ किनकि नयाँ पुस्तालाई उपयुक्त शिक्षा हामीले दिन नसकेका हौं । अब त्यस्तो नहोस् सबै सचेत , बनौं ।

राष्ट्रिय भाषिक र सांस्कृतिक पहिचानका कुरा संक्षेपमा मैले गरिसकें झैं लाग्छ । अब लागौं ,ऐतिहासिक , देशका राष्ट्रिय पोशाक लाए पनि फरक पर्ने केही छैन । सबैले सबैका पोशाकलाई सम्मान गर्नसके त झन् विश्वभातृत्व नै बढेर जाला । तर भूटानको सवालमा पोशाकको स्वामित्व पनि अब विवादरहित छैन भन्ने , कुरा दर्शाउन चाहन्छु । दक्षिणका बासिन्दाहरुले बक्खुपोशाकको विरोध गर्नुमा गर्मी मौसमको कारण देखाउने गरिएको कुरा सतही हुनसक्छ भन्ने मेरो बुझाइ छ । यसभित्र कतै धार्मिक विश्वास र कतै स्वतन्त्रताविरुद्ध भएको हुकूमी शासनको खारेजीको आशय पनि थियो यदि मौसमकै कारण मात्र थियो भने दक्षिणमा रहने ? -भोटियाहरुले पनि दौरासुरुवाल र अनि उत्तरमा पुग्ने ल्होत्साम्पाले पनि बक्खु लाउन सक्थे र सद्भावनाको विकास नै हुने थियो । कुरो जे भए पनि जबरजस्ती नियतले गर्दा विरोध भएको हो । नेपालमा पनि नेपालको सिमानाभित्र बस्ने जोकसैले अहिलेको अहिले अनिवार्य दौरासुरुवाल लाउनैपर्छ भनेर जबरजस्ती कानून लागू गर्ने हो भने खरो विरोध हुने नै छ । र यो कुरो मौसमको सवालसित मात्रै जोडिएको हुनेछ भन्ने मलाई , लाग्दैन । भूटानमा पनि भएको त्यही थियो ।

अन्त्यमा हामी सहज किसिमले वर्तमान राष्ट्रियता ग्रहण गरौं र सोही अनुसार नयाँ पुस्तालाई शिक्षा दिउँ । पृष्ठभूमिमा हामी भूटानका मान्छे हौं, हाम्रो इतिहास भूटानी राष्ट्रियतामा कायम छ भन्ने कुरा दृढतापूर्वक कायम राखौं । सगौरव हामी नेपाली भाषा बोल्छौं-लेख्छौं भनौं । भूटानको भएर कसरी नेपाली भाषा ? अन्योल नराखौं, किनभने कुनै एउटा राष्ट्रियतामा एउटा मात्र भाषा-संस्कृतिको वर्चस्व हुँदैन, सबैले मान्यता पाउनुपर्छ भन्ने ज्ञान दिलाउनलाई हामीले थिम्पूको दरबारद्वारा तय गरिएको "एक राष्ट्र एक प्रजा" भन्ने नीतिको विरोध गरेका हौं । अहिले पनि हाम्रो त्यो अडान छुटेको छैन, किनकि हामीले त्यहाँ रहेका लाखौं परिवारहरुलाई अझै पनि संरक्षण दिनुपर्छ जुन हाम्रो नैतिक दायित्व हो । तबमात्र हामीले ज्यादतिपूर्वक देशनिकाला हुनुपरेको कुरामा आफ्नै इतिहासलाई न्याय दिइरहेका हुनेछौं । तबमात्र हामीले राजीखुशी देश छोडेका थिएनौं, त्यहाँको आततायी सरकारले जबरजस्ती लखेटेको हो भन्ने कुराको पुष्टि हुन्छ ।

आफू बाँचेको धर्तीमा न्यायपूर्ण संघर्ष गर्न नसकेर जहिल्यै पनि जहाँ पनि संकट-आपत आइलाग्दा नेपाल सम्झिएर रुनेमात्र, काँतरहरुको जमात पनि नहोस् हाम्रो समाज अनि आफ्नै इतिहास र पहिचानको किटान नभएका मान्छेहरुको हुद्दा पनि नबनोस् । यो सन्दर्भ धेरै छलफल गरिरहने विषय पनि बन्नुहुँदैन । झट्ट एउटा किटानी गरिनु आवश्यक छ । यदि सधैं रुवाबासीमात्र गर्ने, विषय सन्दर्भमा एकमत कायम पनि नगर्ने, अनि सधैं भाइ-फुटका अभियानहरु चलाएर समाजलाई टुक्रा टुक्रा पार्ने खेल खेलीबस्ने हो भने हामी भूटानका थियौं भन्न पनि सुहाउँदैन, अनि वर्तमान वैश्विक परिवेशमा नेपालका हौं भन्न पनि मिल्दैन । हामी आकाशबाट झरेका वा भुइँ फुटाएर निस्केका भुइँफुट्टा हुनुपर्ने स्थिति सिर्जना नगरौं, सविनय अनुरोध छ सबैमा ।

सन्दर्भ सामाग्रीहरु
-पृथ्वीनारायण शाहः आधुनिक नेपालका संस्थापकः (अंग्रेजी) अक्टोबर १९९३-तुलसीराम वैद्य
-दिव्योपदेशः पृथ्वीनारायण शाह-(नेपाली) दिनेशराज पन्तद्वारा सम्पादित
-नेपाल-भोटाङ सम्बन्धः स्वः योगी नरहरीनाथ,
-पिल्ग्रिमेज टूरिजम् ईन नेपालः यज्ञराज सत्याल
- Shah Abbas: The Ruthless King Who Became an Iranian Legend. By David Blow: ISBN 978-1-84511-989-8.

Our identity – The way I see it

By Om Dhungel, Sydney

Introduction
Defining our own personal identity is a lifetime experience since it keeps evolving as we move on in life. Personally, I feel very much a global citizen, part of the global village.

In Bhutan, the majority of people of Nepalese ethnicity lived in southern Bhutan and we were identified as 'Lhotshampas', meaning people living in southern part of the country. We were Bhutanese of Nepalese ethnicity and spoke Nepali language since it is our mother tongue.

Despite our Nepalese ethnicity, we were refugees in Nepal. Having now resettled in Australia – being able to call it home and be citizens of this beautiful country, we are now proud Australians with our identity as Bhutanese of Nepalese ethnicity.

Who am I?
I am Om Dhungel, thanks to my wonderful parents for giving me this beautiful name. In addition to the spiritual and religious significance, my given name is short and pretty easy to pronounce, although I am often called Tom especially while I am speaking on the phone. From that flows my identity as a son, a husband to my lovely wife and a father to our beautiful daughter. Rest of the identity depends on circumstances and situation.

Defining my identity and how it has evolved over the ages
As I look back my own life, it has evolved significantly since I was born in in Lamidara village under Chirang district in southern Bhutan, lived in different parts of the country as well as overseas to pursue my schooling and higher studies. From then on, I developed my identity as an engineer and a government employee when I lived in the capital city Thimphu.

My identity changed significantly when I fled the country and became a refugee in Nepal. I could no more identify myself as a senior civil servant on the back of my profession as an engineer. I even faced difficulty in proving who I was – as Om Dhungel. Since I didn't have my passport I needed extra documents which were often treated with suspicion. Ultimately, I had to develop a new identity through my deeds.

Now, I am a proud Australian citizen, living in Fairwater in Blacktown local government area in Western Sydney. Personally, I feel very much part of the global village.

The way we define our identity has changed through different ages. During stone age, one's identity was defined by your strength – strong or weak; whether you were able to hunt or not. Now it is much more complicated with increased number of variables. We are part of, and socialise in different groups such as social, cultural, religious, caste and ethnicity based, intergenerational groups and local community groups. To add to this, the social media including facebook now adds a whole new dimension and our identity is defined by a combination of factors.

As we can see, defining our personal identity is a lifetime experience since it keeps evolving as we move on in life.

What defines identity?
While discussing about the identity of Bhutanese resettled in Australia or in other countries, we should perhaps look at two aspects: National identity and Cultural identity.

National identity
As a citizen of a particular country, we have a national identity. However, what defines national identity can vary. To find out the important elements of national identity, International research firm, Pew Research Centre recently carried out an international survey. Majority of respondents in the U.S., Canada, Europe, Australia and Japan said that the ability to speak one's national language is the most important element. In Bhutan's context, the government not only decided to impose the language and culture of the ruling group on the entire population but also implemented policies to eliminate the language and culture of southern Bhutanese. While the majority were forced to leave the country, others fled in order to protect and preserve their own culture and language.

Cultural identity
Cultural identity provides our sense of belonging and in my view the starting point to define our identity. Cultural identity provides a link through generations and helps people identify with each other. When a person identifies with their culture, they often embrace traditions that have been passed down through the years. Continuing to speak one's language is one of the most important ways maintain and control their cultural integrity. Preserving a culture also has immense historical value helping to keep alive the traditions of the past.

What others perceive you to be

Finally, it is not only how you personally identity yourself, it is also important to take into account how others perceive you to be and how others define your identity.

Bhutanese refugees and our identity

People become refugees for various reasons including their race, religion, culture, political belief or being a minority group. When people finally find a place that they can call home, retaining that identity becomes very important while at the same time, we find that the identity evolves with the passage of time.

In Bhutan, the majority of people of Nepalese ethnicity lived in southern Bhutan and we were identified as 'Lhotshampas', meaning people living in southern part of the country. We were Bhutanese of Nepalese ethnicity and spoke Nepali language since it is our mother tongue.

Despite our Nepalese ethnicity, we were refugees in Nepal. Most people spent close to two decades in Nepal as refugees before being resettled in other countries such as Australia – being able to call it home and be citizens of this beautiful country. We are now proud Australians with a Bhutanese of Nepalese ethnicity background.

For those children who were born in the refugee camps in Nepal, it gets little confusing to articulate one's identity. They were born and brought up in a refugee camp since their parents were forced to leave their home country Bhutan. In our case, it was because of our ethnic background, the Nepalese ethnicity. Despite their birthplace being Nepal and of Nepalese ethnicity, the children lived in the camps as refugees and some continue to do so even now.

After being resettled, as with their parents, they are now Australians of Nepalese ethnicity. However, articulating their background gets little complicated and they tend to leave out the Bhutanese heritage bit unless specifically asked to do so. Anecdotal evidence suggests this is an issue faced by many other communities resettling in a new country and not unique to the Bhutanese resettled in Australia. For historical record, it is important to document such evolving identities. In my view, rather than being prescriptive, it is best left to each generation how it identifies itself. Such diversity allows us to craft our own stories and share with others and that is what makes this world a diverse and beautiful place to live and enjoy. Above all, it is one race and that is human race.

The other important identity is that of a ‘refugee’. After being resettled, some people do not wish to be identified with their refugee background which tends to be associated with the hardship and ‘stigma’ of being a refugee. Some people just want to move on and do not care either way. There are others who use it as a badge of honour, of having persevered and overcome the challenges of the life of a refugee. Using refugee background as a symbol of resilience, former refugees are being able to support other people put things in perspective and often help them overcome challenges.

So in defining our identity, it is important to allow and respect people’s views and how each person wants to identify themselves in their journey to build a new life. Most importantly, with similar or different ways that we identify ourselves, it should all help add to the richness of the community.

हामी भुटानी नै हौं

गोपाल घिमिरे, अष्ट्रेलिया

कुनै पनि जाति, व्यक्ति, समुदायलाई परिचय दिने क्रममा उनीहरुको नाम, थर, जाति, समुदाय, धर्म, सिमाना आदिको प्रयोग गरेर चिनाईन्छ। आज हामीले खोज्दै गरेको पहिचान भनेको समुदायकै हो र पहिचान संकटमा परिरहदा चुप लागेर बस्नु हुदैन भन्ने जागरुकता, विवेकशीलहरुमा हुनु खुशीको कुरो पनि हो। यहाँ एउटाको विचार अर्कोसंग नमिल्न सक्छ तर त्यसलाई स्वभाविक हो भन्नुपर्छ किनकि सबैको हो मा हो गरेर मिलेमतो गर्दा तर्क मर्न सक्छ अनि उचित समाधान नआउन पनि सक्छ। पहिचानको संकटको आयु बढ्दै जान पनि सक्छ।

विशेष हामी भुटानीहरु भुटानबाट नेपाल हुदै अष्ट्रेलिया लगायतका आठ वटा देशमा छरिएर बसेका छौं। भुटान छोडेदेखी नागरिकता हराएर बल्ल तेस्रो देशमा नागरिकता पाउने, अधिकार पाउनेहरुलाई भुटानीसंग अष्ट्रेलियन, अमेरिकन, क्यानेडियन आदि जोड्दै लान त्यति गाऱ्हो देखिदैन तर भुटान छोडेपछि निर्वासनमा जन्मेका नानीहरुले (जो बालकै हुँदा भुटानबाट आएर अहिले वयस्क र कति नाबालक नै छन्) आफ्नो परिचय जन्मका आधारमा, राष्ट्रियताका आधारमा, स्थान र परिवेशका आधारमा – केका आधारमा दिने भन्ने कुराको निर्क्यौल गर्न सक्दा समस्या सुल्झन सक्छ।

यसरी एक-एकवटा आधारहरु कोट्याउदै जाँदा – विशेष नाम, थर र जाति भित्रै समाहित हुन्छ। त्यसले कुरो जातिको आधारमा नै – भन्नाले जाति-जाति मिलेर एउटा समुदाय बनिन्छ। अब समुदाय भन्नाले सामाजिक, धार्मिक, राजनैतिक जुनै पनि हुन सक्छ। तर हामीलाई यहानेर परिचयको खोजी गर्न पर्ने भएकाले हाम्रो सामाजिक परिचयको आधार खोज्न जरुरी देखिन्छ। मान्छेलाई विशेष परिचय दिने भाषा संस्कृति (संस्कार) परम्पराहरु हुन्। भूगोलको आधारमा पनि पहिचान बन्दछ तर एउटै भाषा बोल्ने, परम्परा र संस्कार एउटै भएका व्यक्तिहरुको राष्ट्रियता भौगोलिक कारणले अलक अलग हुन सक्छ। जस्तै तिब्बतमा छ्योके (सक्कली जोङ्खाको लिपी) लेख्ने र बोल्ने गरिन्छ अनि भुटानमा पनि। बंगलादेशमा बांगला बोलिन्छ अनि भारतमा पनि। नेपालमा नेपाली बोलिन्छ भनि भारत, भुटान, बर्मा आदि ठाउँहरुमा पनि। त्यसैले भाषा र परम्परा परिचय दिनका निम्ति भ्रममुक्त बन्न सक्दैनन्।

यहाँ कति तर्कहरुले होडबाजी गर्लान तर मैले आफ्नो विचार राख्नु पर्दा

१. नेपाली शब्दको बलियो जग छैन किनकि एकीकृत गरिएको धेरै राज्यहरुलाई नेपाल भनिएको हुनाले कालान्तरमा नेपाल छुट्टै प्रान्त बन्दै गएपछि नेपाल प्रान्तहरुको परिचयमा बाँच्ने दिन कथंकाल आयो भने हामी नेपाली हौ भन्नेहरुको परिचय फेरी पनि संकटमा पर्न सक्छ।

२. हामीले मान्ने धर्म, हाम्रो खानपान, संस्कार र संस्कृति एउटै हुनेहरुको बसाई, बंसाई सराई, किप्पट रुघाई भित्र पर्ने हुनाले ठोस परिचय अझ पनि अन्योलमै पर्ने भएकाले जाति, धर्म भाषाका मात्र आधारमा पहिचान खोज्दा पहिचानको दर्बिलो धरातल नबन्न सक्छ।

हाम्रो अन्योलता भनेको हामि भुटानी कि नेपाली भन्ने हो र त्यसदेखि बाहेकका कुरामा त्यति बेसी दिमाग दुखाउन उपयुक्त देखिदैन किनकि हाम्रा पुर्खाहरु नेपालबाट भुटान गएका हुन र अधिकांश भारतको पुर्वोत्तरबाट भुटानमा गाभिएका हुन भन्ने कुरा विभिन्न लेख र ईतिहासहरुमा पाइन्छ। अझ पर जादा हाम्रा पुर्खा नेपाल बाहिरबाट कहिले देखि बसाई सर्दै भुटान पुगे भन्ने तथ्यले पनि आजको तर्कले समाधान पाउँछ जस्तो मलाई लाग्दैन।

त्यसैले हामी भुटानबाट लखेटिएर नेपाल आयौं र त्यहाँ पुन: नेपाली बन्न सकेनौं। नेपाल भित्रै 'भुटानी शरणार्थी' को परिचयले बर्षौ बाँच्यौं अनि तस्रो मुलुकमा पुनर्बास भइ त्यस देशको नागरिक बन्ने क्रममा छौं। जति पनि शरणार्थी शिविरमा जन्मे अथवा पुनर्वासित देशहरुमा जन्मे, पहिलो परिचय आमाको काख नै भुटानी भएपछि उनीहरुको पहिचान पनि भुटानी नै हो। भोली अरु जाती समुदायले जस्तै हामीलाई पनि आफ्नो परिचय भुटानी+ (जुन देशको नागरिकता पाएको छ जस्तै भुटानी अष्ट्रेलियन) त्यस देशको नामबाट नै सठीक पहिचान दिन सजिलो हुन्छ भन्ने आफ्नो विचार प्रकट गर्न चाहे।

हामी भुटानी हौं तर नेपाली

इच्छा पौडेल, अष्ट्रेलिया

सन्दर्भ

केहि बर्षअघि नेपालको भूटानी शरणार्थी शिविरमा जन्मेर अमेरिकामा पुनर्वास भएका १७ बर्षे एकजना युवकले गुगल ग्रुपमा एउटा सहयोग मागे। 'म नेपालमा जन्मेको, मेरा बा-आमा भूटानमा जन्मेका र अहिले म अमेरिकाको नागरिक भएको छु। मलाई स्कूलमा तिमी को भनेर सोध्छन्। म आफू को हूँ? नेपाली, अमेरिकी, भुटानी या अरु कोही?'

धेरैले भन्ने गरे जस्तो हामी पहिचान विहिन भने होइनौं। नेपालकाले नेपाली भने जस्तो, बंग्लादेशीले बंगाली भनेर एउटा शब्दमा आफ्नो पहिचान दिए जस्तो छोटो हाम्रो परिचय हुन सकेन। कुनै समुदायको परिचय एउटै शब्दमा हुनु पर्ने विचार नै कताबाट आयो थाहा भएन तर अष्ट्रेलियामा दुई शय भन्दा बढी समुदाय छन् तर सबैको एक-शब्दे पहिचान सुनेको छैन। हुन त हामीले भुटानी भनेर सुरुबाटै आफूलाई चिनाएको भए आज हामीले यो बिषयमा वहस गरिरहनु पर्ने थिएन। तर टेकनाथ रिजालहरुले नेपाली भाषीहरुको मामिला उठाएको समय र त्यसपछिका सम्पूर्ण घटनाक्रमहरुले दक्षिण भुटानमा बसोबासो गर्नेहरुले भाषा, संस्कृति अथवा जातीयताका आधारमा आफूलाई नेपाली भनेर चिनाउने आवश्यकता महसुस गरेका हुन्।। कारण जेसुकै भए पनि सन् ९० तिरको घटनाक्रमले जातीयतालाई प्रमुख मुद्दा बनायो भुटानको राजनीतिमा। दक्षिणका नेताहरुले यसैलाई जातीय सफाई भने जुन नियोजित थियो कि टेकनाथहरुको अपील अनि त्यसपछिका घटनाहरुले फलाएको फल थियो त्यो बहसको विषय छँदैछ। त्यसपछि नै पूर्व र उत्तरका अरु भुटानीहरुबाट आफूलाई खुट्टयाउन 'नेपाली भाषी भुटानी, गोर्खाली, भूटानी नेपाली, नेपाली मूलका भूटानी आदि आदि भनेर आफूलाई चिनाउने थालनी भएको हो।

पुस्ता र परिचय

तीनवटा देश, तीन पुस्ता अनि तीन भिन्न भिन्नै परिवेश। भुटानमा जन्मेर खेती किसानी गर्दै बालबच्चा हुर्काएका हाम्रा हजुरबा। नेपालको शरणार्थी शिविरमा जन्मेका तिनका छोराछोरी अनि पुनर्वाशपछि पश्चिमा मुलुकमा जन्मेका तिनका नानीहरु। आज अष्ट्रेलियामा पुनर्वाश भएका नेपालका शिबिरबाट आएका भुटानीको एउटा परिवार छान्ने हो भने यही अवस्थाको भेटिन्छ। पहिलो पुस्ताको भुटानप्रतिको ममता, भावना र कर्तव्यबोध अरु पुस्ता भन्दा बढि देखिनु स्वभाविक हो किन भने त्यो देशलाई अहिलेको अवस्थामा ल्याउन उनीहरुको रगत, पसिना, समय र बैंशको ठूलो लगानि छ। यति मात्र नभै यी सभ्य सन्तानलाई आफनी आमाको बात्सल्यता र दुधको ऋण लागेको महसुस हुन स्वभाविक हो।

दोस्रो पुस्ताको या मेरो भने भुटान र नेपालसंगको सम्बन्ध उस्तै उस्तै छ, भावनाले म नेपालसंग नजिक छु। यहाँ कारणहरु सर्वविदितै छन्। मलाई लाग्छ हामी मध्य धेरैले यस्तै सोच्छौं तर हामीसंग नेपालको नागरिकता

नभएकाले आफ्नो छुट्टै पहिचान देखाउन पनि हामी बाध्य छौं। भुटानी शासकले हामीमाथि लगाएको ‘अबैध नेपाली आप्रवासी’-को प्रतिकार गर्न पनि हामीले राष्ट्रवाद देखाउनु त्यतिकै महत्वपूर्ण हुन्छ।

पुनर्वाश पछि जन्मेका नानीहरु बालकै भएकाले नेपालमा जन्मेका भुटानी शरणार्थीहरुलाई तेस्रो पुस्ता मान्ने हो भने उनीरुको नेपालप्रतिको माया र भावनात्मक सम्बन्ध अगाध देखिन्छ, भुटानप्रति भन्दा बढ्ता। यसको उदाहरण हेर्ने हो भने एडिलेड सेकेन्डरी स्कूल ,प्याराफिल्ड गार्डन हाइ स्कूल या थेवार्टन सिनियर कलेज जहाँ नेपालवाट पुनर्वास भएका नयाँ र पुराना विद्धार्थीहरु पढछन्। कुनै समय त्यहाँ पुग्नु भयो भने उनीहरुले यसो भनेको सुन्नुहुनेछ, "क्लासमा हामी १० जना नेपाली छौं।" उसो त रेलमा यात्रा गर्दा, किनमेल गर्दा या भेलाहरुमा तिनीहरु कसैले आफूलाई भुटानी भनेर कहिल्यै चिनाएको सुनेको छैन। यो स्वभाविक प्रतिकृया हो। हामीलाई इतिहास थाहा छ। हामीले हाम्रा अग्रजहरु र नेताहरुले हाम्रो इतिहास भनेको सुनेका छौं या पढेका छौं।

हाम्रा पुर्खा मात्र नेपालबाट गएका हुन तर हामी सबै नागरिकता र जन्मका आधारमा भुटानी हौं चाहे त्यहाँको सरकारले यो स्विकारोस् या नस्विकारोस्। तर इतिहासलाई आधार मानेर भुटानको मात्र रटान लगाउँदा इतिहास नपढेका या शासकले आफ्ना परिवारमाथी गरेको अत्याचारका कारण भुटानप्रति नै वितृष्णा जगाएर बसेका हाम्रा दोस्रो र तेस्रो पुस्ताको देशसंगको भावनात्मक सम्बन्ध मजबुत गराउन सकिएला? यो महत्वपूर्ण जिम्मेवारी समजमाथि छ जसले यो पुस्तालाई आत्मैबाट आफ्नो पृष्टभूमी नेपाली नभई गौरवसाथ भुटानी हो भन्ने भावना जागृत गराउन सक्नु पर्छ । यसो गर्न सकियो भने हाम्रो पहिचान राम्रो, छोटो, सजिलो अनि सर्बमान्य हुनेछ। जबसम्म आत्माले पहिचान स्विकार्दैन उसको त्यो पहिचान आफैंलाई बोझ हुनेछ र पहिचानको खोजि मै उसको जीवन बित्नेछ।

नेपाली पृष्टभूमीका भुटानी

हाम्रो पहिचानको कुरा गर्दा बाल्यकालमा भुटानमा चाड-पर्व मनाएको याद आउँछ। दशैंको टीका लगाउन अघि घरको मूल ढोकामा हजुरवाले ‘..........श्री ५ विरेन्द्र.......’ भन्दै टिका लगाएपछि मात्र हामीलाई लगाई दिनु हुन्थ्यो। कागजमा बाहेक सबै प्रकारले हामी नेपाली थियौं। शरणार्थी शब्द र भुटानी शब्द धेरैलाई उस्तै उस्तै लागेको मैले पाएको छु, बिशेष गरी दोस्रो र तेस्रो पुस्तामा। नेपालमा बस्दा र शिविर बाहिर गएर काम गर्दा हामी सधैं नेपाली भयौं। नेपाली नागरिकता निकाल्नेहरुले नेपाली नै भएर निकाले। गोर्खालीले देखाएको बीरताको दाबी आज पनि हामी गरिरहेका छौं। तर अहिले कुनै भुटानीले म नेपाली हूँ या मलाई नेपाल प्यारो लाग्छ भन्दा किन बिरोध गर्नु? भर्खरै हाम्रा एक जना युवा नेता भनाउँदाले नेपाललाई माया गर्ने भुटानीहरुलाई सामाजिक संजालमार्फत हाँसोको पात्र बनाएको देख्ता साह्रै अप्ठेरो महसुस भएको छ। नेपाल विश्वकै एउटा सुन्दर, शान्त र समावेशि राज्य हो। भुटानका मात्र नभै त्यस छेत्रका अन्य जातीका शरणार्थी तथा राज्यबिहिनहरुलाई आश्रय दिने नेपालप्रति कृतज्ञ हुनु र जातीय तथा भावनात्मक सम्बन्ध रहनु उसको गौरवको बिषय हो। यसलाई स्वीकार्नु र सम्मान गर्नु हाम्रो कर्तव्य हुन आउँछ।

के पहिचान जन्मभूमी हो?

अहिलेका प्रायः सबै बच्चाहरु अस्पतालमा जन्मन्छन् तर अस्पताल कहिल्यै घर हुँदैन। जन्म र खोसिएकै भएपनि नागरिकताका आधारमा पहिलो पुस्ताले आफूलाई भुटानी भन्छन् र उनीहरुको पहिचान पनि निर्विध रुपमा भुटानी नै छ। तर त्यसबेलाका भुटानी नागरिक बा-आमाबाट जन्मेको र कलिलै उमेरमा देशबाट निकालिएको आजको युवक त्यहाँ छैन। उसका भुटानी भनेर गौरव गर्ने आमा-बाबु, हजुरबाहरु कोहि त्यहाँ छैन्न्। आफूलाई भुटानको भनैं भने उसलाई त्यहाँ जान दिइंदैन। जुन घरमा उसलाई प्रवेश छैन, त्यो कसरी उसको घर हुन्छ? कानुनले मान्ला, कागजले पनि त्यसै भन्ला, अधिकांशले पनि त्यहि स्वीकार गर्लान तर उसको भावनाले नस्वीकारेको, आत्माले नमानेको साइनो कसरी ऊ अंगालोस्? भुटान र उसको सम्बन्ध केवल औपचारिक हुन्छ, भावनात्मक हुँदैन। ऊ नेपाल बढी मन पराउन सक्छ किन भने त्यहाँ उसलाई कमजोरि या अभावका बाबजुद पनि स्वीकार गरिन्छ अनि विनासर्त माया गरिन्छ। भुटानलाई उसको घर स्वीकार्ने आधार खोई? कतिलाई भुटान र भुटानी शब्दसंग एलर्जी भएको पाएको छु। राज्यले गरेको अत्यचार सम्झंदा मानिसहरुमा बितृष्णा छाउनु स्वभाविक हो। तर्क उठ्न सक्छ सामन्ती सरकारका कारण हामी बेघरवार भयौं, देशका कारण होइन। यो पनि नभुलौं देश भनेको चट्टान, पहाड, जंगल खोला-नाला र माटो हो। यसले न कसैको भावना बुझ्छ न आँसु देख्छ। देशवाशी बीचको सम्बन्ध र एउटाले अर्काप्रति गर्नु पर्ने कर्तव्य नै राष्ट्वाद हो। देशभक्तिको रटान लगाएर एउटाले अर्कामाथी आक्रण गर्नु , कुनै समूह विषेशलाई हेला गर्नु अनि राष्ट्रका नाममा मानिस हत्या गर्नु राष्ट्रवाद नभएर अपराध हो। स्वतन्त्र न्याय प्रणाली भएको देशमा कुन राष्ट्रवाद हो र कुन राष्ट्रद्रोह हो त्यहाँको कानुनले निर्णय गर्ने चलन हुन्छ न कि कुनै व्यक्ति या समुदाय बिषेशको बुझाईले जे भन्यो त्यहि सहि हुने हो।

अनाथालयमा हुर्केको नानीका लागि उसका आमा-बा गौंण हुन्छन्। जस्ले उसलाई जीवन दियो, माया दियो अनि हुर्कायो त्यसले उसैलाई माया गर्छ। यहाँ हामी बंश पहिल्याउने डि. एन. ए खोजिरहेका छैनौं, इतिहासका मोटा पुस्तक पल्टाएर समयको काल खण्डमा कहाँबाट कहाँ पुग्यौं भनेर पढिरहेका पनि छैनौं । न त मेरो राहदानी (पासपोर्ट)ले मलाई के भन्छ भनेर जाँच गर्दैछौं। हामी त संसारका विभिन्न मुलुकबाट भेला भएका मानिसहरु माझ हाम्रा भाई-बहिनीहरुले आफूलाई के भनेर परिचित गराउने भन्ने बिषयमा छलफल गर्दै छौ। तिम्रो पृष्टभूमी के हो भनेर कसैले एक्कासि सोध्यो भने संभवत तपाईं दुईमा एक भन्नु हुन्छ - नेपाली कि भूटानी। मान्छेको पहिचान परिस्थिति अनुसार फरक पर्नु पनि स्वभाविकै हो। कवि गोष्टीमा म भूटानी भनेर परिचय दिनु भन्दा नेपाली भन्न रुचाउँछु कि न कि मेरो कविता नेपालीमा हुनेछ। यसको अर्थ भुटानलाई अनादर गरेको या भुलेको भन्ने नभै परिस्थिति सान्दर्भिक र सरल बनाएको बुझिदिन अपेक्षा गर्छु। तर संसारका कुना कुनाबाट आएका समुदायले आफ्नो संस्कृति झल्काउने पहिरन र बाजा-गाजाहरुको प्रदर्शन गर्ने अष्ट्रेलिया दिवसमा म भुटानीको समूहमा लाम लाग्छु। पहिचानको प्रदर्शन हुने यस्ता विशेष दिवसमा म दौरा सुरुवाल र ढाका टोपी लगाउँदिन अनि नेपालीको पंतिमा चन्द्र-सुर्य झण्डामुनि बस्न मेरो आत्माले मान्दैन। भुटानी समुदायको पंतिमा भने कोहि दौरा सुरुवाल, गुन्युँ चोली र ढाका टोपीमा लामबद्ध हुन्छन् अनि कोहि बख्खुमा सजिएर आएका हुन्छन्।

एउटै समुदायका थोरै सदस्यहरु पनि भिन्ना भिन्नै पहिरनमा देखिनुको सांकेतिक महत्व हामीलाई थाहा भएपनि त्यसले हाम्रो पूर्ण पहिचान खुल्दैन। आफ्ना इच्छा अनुसारको पहिरन लगाउनु व्यक्तिगत अधिकार

भए पनि पहिचान झल्काउनलाई मात्र लगाइनु भने आवश्यकता होइन। भुटानी हुन बख्खु नै लगाउनु पर्छ भन्ने भुटानी शासकको मात्र विभेदि नियम हो जसको हामी बिरोध गरिरहेका छौं। तर दुबै नेपाली भेष-भुषा र भुटानी पोसाकमा एउटै भेलामा एउटै घरका दाजु-भाई भेला हूँदा हाम्रो खिच्चडी परिचयले मान्छे अल्मल्याउने छ। बाहिरबाट हेर्ने व्यक्ति सजिलै अल्मलिन सक्छ हामी नेपाली कि भुटानी भनेर। मेरो भनाइ के भने अष्ट्रेलिया दिवश जसमा समुदायको पहिचान झल्किनु पर्ने हो त्यो नै अपूर्ण हुन्छ। हामी साझा पहिचान बनाउन जुटेका हौं भने भुटानको राष्ट्रिय झण्डामुनि यो महत्वपूर्ण दिवसमा इच्छा गर्नेहरुले राष्ट्रिय पोशाक नै लगाउँ र अरुले साबिक झैं सर्ट पाइन्ट आदि लगाउँ जसले गर्दा हाम्रा पुस्ताहरु नअल्मलिउन अनि दर्शकले पनि यिनीहरु भुटानी रहेछन् भनेर बुझुन्। तर यसलाई सल्लाहका रुपमा मात्र दिइनु पर्छ आदेशका रुपमा होइन।

गत साल म कालिम्पोङको एउटा सामान्य किसानको घरमा पुगेको थिएँ। त्यसबेला उनीहरुले नेपाल र भारतको फूटबल खेल हूँदा नेपाली टिमलाई हुटिंग (हौसला) गरेको देखेको छु। तर रेसी पारीका सिक्किमबासी भने भारतलाई नै समर्थन गर्छन्। किन? सरकारले सिक्किमासीको करेसाबारी समेत बनाई दिएको छ तर दार्जीलिंङ वासीहरुको भने शिक्षित भए पनि जागिर नपाईने अनि काम गर्छु भन्दा पनि ठाउँ नपाईने अवस्था छ। उनीहरुलाई सौतेलो ब्यावहार गरेकैले आफ्नो देश भए पनि बितृष्णा छ।

पोहोरकै ओलम्पिकमा फैसबुक भरी साथीहरुले कुन देशलाई समर्थन गर्ने भन्ने देखाए। खुशीको कुरा त अष्ट्रेलियामा पुनर्वास भएका भुटानीहरु मध्य धेरैले अष्ट्रेलियालाई समर्थन गर्दै त्यही अनुसार आफ्ना प्रोफाइल बनाए। अप्ठेरो परेका बेला खाल्डाबाट झिकेर नयाँ जीवन दिने राष्ट्रप्रति कृतज्ञता दर्शाउने यो महान बिचार हो। कसैले नेपाललाई त कसैले भुटानलाई समर्थन गरे । कसैले किन कुनलाई समर्थन गरेको बनेर प्रश्न गरेन। एकार्काको भावनाको कद्दर गर्ने यो चनल उदाहरणीय छ। हाम्रो पहिचानको खोजिमा पनि सबैको यस्तै सहयोग र एकार्काको भावनालाई स्वीकार भए हामी सजिलै एउटा साझा पहिचान बनाउन सक्छौं।

छुट्टै पोसाक र भाषा?

हाम्रो भाषा नेपाली हो, भुटानी नेपाली होइन। लोत्साम् पनि होइन अनि भूपाली वा बर्मेलीहरुले भन्ने गरे जस्तो गोर्खाली पनि होइन। भुटानमा हामीले बोल्ने भाषा पूर्वी नेपालमा बोलिने या नेपालको आधिकारिक राष्ट्र भाषा नेपाली हो। फरक यति हो हामी अञ्जान मै कि त अंग्रेजि मिसाउँछौं कि त नेपालका दुर्गम भेगमा सिमित कतिपय शब्दहरु प्रयोग गरिरहेका हुन्छौं। जसरी नेपालमा हराइसकेको संस्कृति हामीकहाँ ज्यूँदै छ, त्यसरि नै केही अपभ्रंश बाहेक हामीले आज बोल्ने भाषा पनि नेपालका एक-दुई पुस्ता अधिकाहरुले बोल्ने जस्तै छ।

जसरी बैगुन भन्दा थोरै नेपालीले तरकारीको रुपमा चिन्लान् त्यसरि नै भाण्टा भन्ने थोरै भुटानीले मात्र सुनेका छन्। एडिलेड कै आइतबारे बजारमा नेपाली कि भुटानी भनेर चिन्ने एउटा सुत्र थाह पाएको छु। यदि कुनै महिलाले 'बूढा, यहाँ गोलभेडा सस्तो रहेछ' भनेको सुन्नु भयो भने ती नेपाली रहेछन् भनेर प्रायः निश्चित

भए हुन्छ। भुटानीहरु 'यहाँ टमाटर होलो-सस्तो रछ' भन्छन्। आफूभन्दा ठूलालाई 'तिमी' र सानालाई 'तँ' भन्ने नेपालको गाउँले चलन नेपाली बोल्ने भुटानीहरुमा अझै लोकप्रिय छ। बसाई सराइपछि क्षेत्रिय वातावरणले भाषा र लवजमा सामान्य परिवरतन ल्याउनु वा शब्दहरु अपभ्रंश हुनु सामान्य प्रकृया हो जसलाई छुट्टै भाषा उत्पति भएको मान्नु हुँदैन। हामीमध्य थोरैले मात्र नेपाली शुदधसंग लेख्न सक्ने भए पनि म चाहिं भाषिक शुद्धताका कारण मेरो भावना कुण्ठित नहोस् भनेर नै लेखिरहेको छु। धान नभए पनि ढुकुटी खाली राख्नु भन्दा फापरले नै भए पनि भरौं भन्ने आशय हो। हामी साझा पहिचान बनाउन कसरत गरिरहँदा भाषालाई पनि साझा बनाउनु पर्छ या हाम्रो भाषालाई नेपाली नै भन्नु पर्छ, अन्यथा साझा पहिचानको हाम्रो प्रयास बिल्कुल अधुरो रहनेछ।

एडिलेडमा एक पटक माठाको कपडामा बनेको इस्ट कोट (वेस्ट कोट)को चलन निक्लिएको थियो। हामी नेपाली भाषी भुटानी भएकाले हाम्रो छुट्टै जातीय पोशाक बनाउनु पर्छ भन्ने विचारले केहि साथीहरुले प्रयास गरेका थिए। सकारात्मक विचारले सुरुगरेको अभियान भएपनि आज कसैले त्यो पोसाक लगाएका छैन्न। मेरो विचारमा अब हामीले त्यसलाई पनि थन्काएर जातीयता झल्काउनु पर्दा नेपाली पोसाक दौरा सुरुवाल, ढाका टोपी अनि गुन्यूँ-चोली लगाउनु पर्छ जुन हामीले नाच-गान र चाड पर्वमा लगाएकै छौं। तर जहाँ राष्ट्रियता झल्काउनु आवस्यक हुन्छ त्यहाँ हाम्रो राष्ट्रिय पोसाक बख्खु नै लगाउनु पर्छ। त्यसो गर्दा हाम्रो भनाई र गराईमा एकरुकता आउनेछ अनि हाम्रा पुस्ता पनि अल्मलिने छैन्न्।

अबको बाटो के त?

यहाँ सोध्नेलाई सल्लाह दिन सकिन्छ, निर्देशन होइन। नयाँ देशमा हरेक ब्यक्ति स्वतन्त्र छ, उसले आफूलाई के भनेर परिचय गराउने भन्ने उसको ब्यक्तिगत अधिकार हो। पुनर्वासपछि समय बित्तै जाँदा समुदायमा उसको निर्भरता पनि कम हुँदै जान्छ। पहिलो त हाम्रो जाती अनि भाषाको यति धेरै नामहरु हुनु नै दुर्भाग्य हो। तर यो नभुलौं केहि दशक अघिसम्म हामी भुटानी मात्र भनेर चिनिन्थ्यौं। त्यसमा कुनै समस्या थिएन बरु सबैलाई सजिलो भएको थियो त्यो पहिचानले। अब हामी फर्केर त्यहीं जान सक्छौं। आफूलाई भुटानी भनौं र आवस्यक परे नेपाली मूलका भुटानी या नेपाली भाषी भुटानी भनौं। अब फेरी कुनै व्यक्तिले सृजना गरेको नयाँ पहिचानका पछि लागेर हाम्रो छरपष्ट परिचयलाई झन् अप्ठेरो पार्नु भन्दा हामी अधिकांशलाई स्वीकार हुने एउटा साझा पहिचान भुटानी भन्नु सबैभन्दा सजिलो र प्रभावकारी हुन्छ भन्ने मलाई लाग्छ।

हुन त म आफैंलाई भावनात्मक रुपमा भुटानी भन्दा बढि नेपाली र नेपाली भन्दा बढी अष्ट्रेलियन सम्झन्छु तर मेरो भावना समाजका बहुसंख्यकको भन्दा माथी हुन सक्तैन। जुन कुरा मैले स्वीकार गर्दा हानी छैन समाजका लागि त्यति त्याग गर्न म तयार छु। अन्यथा डेढलाख मान्छेका डेढलाखै विचार होलान्। सबैले आ-आफ्नै खाले पहिचान दिने हो भने समाजको पहिचान भने निश्चित रुपमा गुम्नेछ। हरेकलाई आफ्नै विचार मन पर्ला तर त्यसले एकता ल्याउने छैन। तर हामी भुटानी र हाम्रो पहिचान भुटानी भन्दैमा कोहि आफूलाई फरक प्रकारले परिचित गर्न चाहन्छन् भने उनीहरुको भावनाको पनि कद्दर गरौं।

हामीमध्य धेरैलाई नेपाली भन्न मन लाग्ला जुन परिस्थिति अनुसार जायज हो। त्यसको बिरोध होइन सल्लाह

दिउँ। कोहि पुनर्वास् गराउने मुलुकप्रति कृतज्ञ भई कर्तब्यबोध स्वरुप आफूलाई त्यही देशको नामबाट चिनाउन चाहलान् त्यसको पनि सम्मान गरौं। लादिएको पहिचान बोझ मात्र हुन्न खतरा पनि हुन सक्छ। भुटानले एक राष्ट्र एक जनता भन्दै पहिचान जबरजस्ति लागू गराउँदा परेको चोटले देश र जनता दुवै दुखि रहेका छौं।

हाम्रो सम्पर्क

रेडियो पहिचान
10 Downton Ave
Salisbury North SA 5108 Australia
radio@radiopahichan.coom
www.radiopahichan.com